नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
**केन्द्रिय आयोजना कार्यान्वयन ईकाई**

## जिल्ला आयोजना कार्यान्वयन ईकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

**मकवानपुर**

### प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धि राय सुझावका लागि सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०७५/०४/०५)**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रिय आयोजना कार्यान्वयन ईकाई ( **अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार**) अन्तरगंत नेपाल सरकारको लगानीमा तथा स्वीस विकास सहयोग नियोगको प्राविधिक सहयोगमा स्थानीय सडक पुनर्निर्माण तथा पुर्नस्थापना गर्न जिल्ला आयोजना कार्यान्वयन ईकाई ( **अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार**), मकवानपुर प्रस्तावक रहेको **भिमफेदी-कोगटे-ईपा-देउराली-सिस्नेरी** सडकको मस्यौदा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी सो कार्यान्वयन गर्ने सिलसिलामा भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कन कार्यविधि २०७२ (दोस्रो संसोधन २०७४) को दफा १२, उपदफा-२ अनुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावक :** जिल्ला आयोजना कार्यान्वयन ईकाई ( **अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार**), मकवानपुर

**प्रभावित गाउँपालिका : भिमफेदि गाउँपालिका**

**प्रस्तावको विवरण :** प्रस्तावित सडक **भिमफेदी गाँउपालिका** वडा नं. ५ को भिमफेदी बजारबाट शुरु भई **इन्द्रसरोवर गाउँपालिकाका** वडा नं. ३ को सिस्नेरी मा टुंगिन्छ । यस सडकको जम्मा लम्वाई ३३.८४२ कि.मि.(0+000-३३+८४२) र नाली सहितको चौडाइ ६.२५ मि. रहेको छ ।

उक्त प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभाव, पुनर्निर्माण, पुनर्वास र स्थानान्तरणको बारे जानकारी लिन सोहि कार्यविधिको दफा १२, उपदफा-३ अनुसार सम्बन्धित गाउँपालिका, विद्यालय, स्वास्थ चौकी, वन उपभोक्ता समिति तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाहरुलाई तल उल्लेखित मिति, स्थान. र समयमा उपस्थित हुन अनुरोध गरिन्छ । साथै सोहि कार्यविधिको दफा १२, उपदफा-५ अनुसार उक्त प्रस्तावको मस्यौदा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन जिल्ला आयोजना कार्यान्वयन ईकाई ( **अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार**), **मकवानपुर** र केन्द्रिय आयोजना कार्यान्वयन ईकाई (**अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार**), ललितपुरबाट सरोकारवाला व्यक्ति वा संस्थाहरुले उतार गरी लैजान सक्नेछन् ।

**भेला हुने स्थान : भिमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भिमफेदी, मकवानपुर**

मिती : २०७५/०४/१३

समय :.**दिनको २ :00 बजे**

यो सूचना **नयाँ पत्रिका राष्ट्रिय दैनिक**मा प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफ्नो राय सुझाव पठाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ र यसै बमोजिमको राय सुझाव राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौंमा पनि पठाउन सकिनेछ ।

**राय सुझाव पठाउने ठेगाना :**

जिल्ला आयोजना कार्यान्वयन ईकाई
( अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),**मकवानपुर**
टेलिफोन नं.: ०५७-५२१०५२
ईमेल : dlpiumakwanpur@gmail.com

केन्द्रिय आयोजना कार्यान्वयन इकाइ
( **अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार**),ललितपुर
टेलिफोन नं.: ०१-५२६०५६५
ईमेल : eeapdolidar@gmail.com